# लालबन्दी नगरपालिका

# स्थानीय राजपत्र


## लालबन्दी नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ८, सङ्ख्या : ९, लालबन्दी, पौष ०१ गते, २०८१ साल**


## भाग - २

### लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लालबन्दी, सर्लाही

### मधेश प्रदेश, नेपाल

लालबन्दी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको (**कर्मचारी तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी कार्यविधि, २०८१**) कार्यविधि सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**संवत् २०८१ सालको कार्यविधि नं. ९**

# लालबन्दी नगरपालिकाको
# कर्मचारी तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट पारित मिति :२०८१/०८/२७**

**प्रस्तावनाः** मधेश प्रदेश सरकारबाट जारी भएको **"स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१"** मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी लालबन्दी नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"कर्मचारी तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) प्रारम्भः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"ऐन"** भन्नाले मधेश प्रदेशबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" सम्झनु पर्छ।

ख. **"कार्यविधि"** भन्नाले लालबन्दी नरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

ग. **"तह वृद्धि"** भन्नाले ऐनको दफा २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

घ. **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

ङ. **"कर्मचारी"** भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनुपर्छ र सो शब्दले कर्मचारी समायोजन

ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

च. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लालबन्दी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ. **"कार्यपालिका"** भन्नाले लालबन्दी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ज. **"प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

झ. **"प्रदेश लोक सेवा आयोग"** भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

ञ. **"कार्यालय/नगरपालिका"** भन्नाले लालबन्दी नगरपालिकालाई सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्ने:** ऐनको दफा २९ को (४) बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा तह वृद्धिका लागि सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तिमा एक महिना अगावै कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

४. **तह र पदनामः** ऐनको दफा ४ बमोजिमको तह र पदनाम रहनेछ।

५. **सिफारिस समिति :** ऐनको दफा २९ को उपदफा (५) बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि / स्तरबृद्धि सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा आठौं तहको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) अधिकृतस्तरको कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समितिको काम कर्तव्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

क) तहवृद्धि / स्तरबृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने।

ख) आवेदन पेश गर्नका लागि सूचना प्रकासित गर्ने।

ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

घ) तहवृद्धि/ स्तरबृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तहवृद्धि/ स्तरबृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम तह बृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ बमोजिम पुरा गरेको हुनु पर्नेछ।

८. **सिफारिसः** (१) दरखास्त दिने अन्तिम मितिको पंन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीलाई अनुसूची-१ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

९. **तह बृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तहवृद्धि / स्तरबृद्धि को लागि सिफारिस गर्ने छैनः

क) निलम्बल भएकोमा निलम्बल भएको अवधिभर।

ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह बृद्धि वा बढुवा रोक्का भएको अवधिभर।

ग) तलब वृद्धि रोक्का भएकोमा तलव बृद्धि रोक्का भएको अवधिभर।

घ) असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर।

ङ) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

१०. **तह वृद्धि सम्बन्धी विषेश व्यवस्थाः** (१) ऐनको दफा २९ को उपदफा ४ बमोजिमको तह वृद्धि गरिएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी तह वृद्धिको पत्र दिनु पर्नेछ।

(२) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

११. **यसै कार्यविधि बमोजिम भएको मानिने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारी हुनु भन्दाअघि ऐनको दफा ४ को उपदफा (६), दफा ८ को उपदफा (२२) र दफा २९ को उपदफा (४) बमोजिम गरेको काम कारवाही समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ।

१२. **जेष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २९ को उपदफा ४ बमोजिम सबै योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुनेछ।

१३. **जानकारी दिनु पर्नेः** ऐनको दफा २९ (८) बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा अयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

१५. **उजुरी/गुनासोः** तहवृद्धि /स्तरबृद्धि को निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१६. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

## तहबृद्धि/स्तरबृद्धि पत्रको ढाँचा

प.सः

च.नं. मिति :

**विषयः तहवृद्धि /स्तरबृद्धि गरिएको सम्बन्धमा।**

तपाईंलाई नगर कार्यपालिकाको कार्यालयको मिति ................. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ अनुसार मिति ................. गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तहवृद्धि /स्तरबृद्धि गरिएको छ। तहवृद्धि /स्तरबृद्धि हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

**तपसिलः**

| हाल कार्यरत पद | तहवृद्धि /स्तरबृद्धि गरेको पद |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेवा: |
| समूह: | समूहः |
| कार्यरत कार्यालय: | पदस्थापन गरेको कार्यालय: |

**श्री** : ............................................

कर्मचारी संकेत नम्बर : ...........................

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश।

श्री राष्ट्रिय कितावखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, मधेश प्रदेश।

श्री प्रदेश कितावखाना, जनकपुरधाम, मधेश प्रदेश।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाण्डौं।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सर्लाही।

श्री आर्थिक प्रशासन शाखा, लालबन्दी नगरपालिका, लालबन्दी, सर्लाही।

प्रमाणिकरण मिति : २०८१/०८/२८

**फुटकर मूल्य रु. ५/-**

**आज्ञाले,**
**बसन्त न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**